प्रमुख प्रशासकीय अधिकृत

# सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची　　लुम्बिनी प्रदेश, नेपाल

## दरभाउपत्र सम्बन्धी कागजात

(नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जिको आधारमा निकासी हुने सल्ला, खयर र अन्य कु काठ समेत)

## आ.व २०८३/८४

आ.व. २०८३/८४
ठेक्काको नाम : कबाडी तथा जिवजन्तु कर
ठेक्का नम्बर : राजस्व १/२०८३/८४
सूचना प्रकासित मिति : २०८३।५।२२
दरभाउपत्र खरिद अन्तिम मिति २०८३।५।२९ गते कार्यालय समय भित्र
दरभाउपत्र दर्ता गर्नु पर्ने अन्तिम मितिः २०८३।५।३० गते दिनको १२.०० भित्र
दरभाउपत्र दाताको नाम :
ठेगाना :
प्रतिनिधिको दस्तखत :
सम्पर्क नं. :
मिति :
छाप :

# सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रकाशित मितिः २०८३/०५/२२

**सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नगरपालिकाको आर्थिक ऐन, २०८३ अनुसार नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर सङ्कलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जिको आधारमा निकासी हुने (सल्ला खयर र अन्य कु काठ समेतको आ.व २०८३/८४ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले आय सङ्कलनको ठेक्का कबोल गर्न इच्छुक व्यक्ति वा फर्महरूबाट आवश्यक कागजात सङ्लग्न राखी तपसिल बमोजिमको सर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र खरिद तथा पेस गर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी फर्महरुको लागि आ.व.२०८३/८४ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व.२०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्र तथा व्यक्तीको लागि नागरिकता तथा पान नम्वर प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक दरभाउपत्रदाताले **लिखित निवेदन दिई यस कार्यालयको सन्धिखर्क स्थित राष्ट्रिय बाणिज्य बैंक हि.नं. ३०५०१००३०१०१०००२ खातामा रु १०००।-को नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।**

२. खरिद भएको दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु उपस्थित दरभाउपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिनेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी बापतको रकम यस कार्यालयको सन्धिखर्क स्थित राष्ट्रिय बाणिज्य बैंक ३०५०१००३०३००००००२ खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको **विडवण्ड दरभाउपत्रमा कवोल अंकको ५ प्रतिशतले हुन आउने रकम वरावरको दाखिला गर्ने अन्तिम मितिले ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड) को सक्कल प्रति पेस गर्नुपर्नेछ ।**

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ ।साथै दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। न्युनतम अङ्क भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वा सर्त राखी पेस गरेको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

६. थप जानकारीको लागि http://sandhikharkamun.gov.np/ मा वा कार्यालय समय भित्र राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ। (सम्पर्क नम्वर ९८५७०२९५९९)

७. दरभाउपत्र खरिद दस्तुर, आधार मुल्य रकम, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ ।

तपसिल

| ठेक्का नं. | विवरण | आधार मुल्य (मूल्य अभिवृद्धि कर बाहेक) | खरिद गर्ने अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| आय ठेक्का नं राजश्व १/ २०८३/८४ | नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जीको आधारमा निकासी हुने (सल्ला, खयर र अन्य कु काठ) समेत | १५,००,०००/- (पन्ध लाख) | २०८३/५/२९ गते कार्यालय समय सम्म | २०८३/५/३० गते १२:०० बजेसम्म | २०८३/५/३० गते १२:३० बजे |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**परिचय :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम कबाडी तथा जिवजन्तु कर उठाउने अधिकार प्रदान गरे अनुरुप सन्धिखर्क नगरपालिका सन्धिखर्क, अर्घाखाँचीबाट **आर्थिक वर्ष २०८३/८४** मा कबाडी तथा जिवजन्तु कर उठाउन स्रोतका शीर्षक एकिन गरी आधार अङ्क निश्चित गरिएको छ। यसरी यकिन भएका शीर्षक र आधार अङ्कमा आधारित भएर कबाडी तथा जिवजन्तु कर उठाउने सम्बन्धी दरभाउपत्र आह्वानको सूचना मिति २०८३/५/२२ मा प्रकाशित भएको छ । सो सूचना र यस सन्धिखर्क नगरपालिकाको आन्तरिक आय (ठेक्का) बन्दोबस्ती सम्बन्धी अनुसार यो टेण्डर डकुमेन्ट तयार पारिएको छ ।

१. **परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस टेण्डर डकुमेन्टमा।

(क) 'कार्यालय" भन्नाले सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालय सन्धिखर्क, अर्घाखाँची सम्झनु पर्दछ ।

(ख) कबाडी तथा जिवजन्तु कर भन्नाले नगर सभाले आर्थिक वर्ष २०८३/८४ को लागि स्वीकृत गरेको कबाडी तथा जिवजन्तु करका शीर्षकहरू सम्झनु पर्दछ र सो शब्दले आधार अङ्क समेत जनाउँछ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ । सार्वजनिक खरिद ऐन,२०६३ समेत सम्झनु पर्दछ ।

(घ) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनु पर्दछ ।

(ङ) "ठेकेदार" भन्नाले ठेक्का दिइएका र ठेक्काको सर्त अनुसार कार्य पुरा गर्ने जिम्मा लिएका व्यक्ति वा निजका प्रतिनिधि सम्झनु पर्दछ ।

(च) "सम्झौता "भन्नाले कामहरू गर्नका लागि दुबै पक्षको दायित्व निर्धारण गरी कार्यालय र ठेकेदारका बिचमा हस्ताक्षर भएको कागजात सम्झनु पर्दछ ।

२. **ठेक्का विवरण, न्यूनतम कबोल अङ्क र ठेक्काका सर्तहरूः आर्थिक वर्ष २०८३/८४** मा नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जिको आधारमा निकासी हुने (सल्ला, खयर र अन्य कु काठ) समेत कर उठाउने शीर्षक र न्यूनतम कवोल अङ्क देहाय बमोजिम रहेका छन् ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | विवरण | आधार मुल्य (मूल्य अभिवृद्धि कर बाहेक) | खरिद गर्ने अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| आय ठेक्का नं राजश्व १/ २०८३/८४ | नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जीको आधारमा निकासी हुने (सल्ला, खयर र अन्य कु काठ) समेत | १५,००,०००/- (पन्ध लाख) | २०८३/५/२९ गते कार्यालय समय सम्म | २०८३/५/३० गते १२:०० बजेसम्म | २०८३/५/३० गते १२:३० बजे |

**ठेक्का सर्तहरूः**

(क) ठेक्काको दरभाउपत्र खरिद बापत लाग्ने दस्तुर नगदै वा राष्ट्रिय वाणिज्य बैङ्क, सन्धिखर्कमा यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ३०५०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल बैङ्क भौचर वा नगदी रसिदको साथै संस्था दर्ता प्रमाण-पत्र, कर दर्ता प्रमाण-पत्र (मु.अ.कर समेत) आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन पेस गरी मिति **२०८३/५/२९ गते कार्यालय समयसम्म खरिद गर्न सकिनेछ** । सो फाराममा आधार मूल्य भन्दा घटी नहुने गरी कबोल अङ्क भरी सहीछाप गरी सिलबन्दी सहित **मिति २०८३/५/३० गते १२:०० बजे भित्र पेस गरी सक्नु पर्नेछ** । बिक्री भई सकेको फाराम, कागजात पछि फिर्ता गरिने छैन, साथै एउटा फर्मले खरिद गरेको दरभाउपत्र अर्को फर्मले पेस गर्न पाईने छैन।

प्रमुख प्रशासकीय अधिकृत

(ख) ठेक्का कबोल रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईने छ । कुनै केरमेट वा थपघट भएको ठाउँमा सम्बन्धित व्यक्तिको सही भएको हुनु पर्नेछ। यसरी दरभाउपत्र पेस गर्दा आफुले कबोल गरेको रकमको ५ प्रतिशतका दरले हुने धरौटी रकम सन्धिखर्क नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैङ्क सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं. ३०५०१००३०३००००००२ मा जम्मा गरी सोको सक्कलै भौचर वा नेपाल राष्ट्र बैङ्क बाट 'क' बर्गको मान्यता प्राप्त बैङ्कले जारी गरेको ७५ दिन म्याद भएको विडबण्ड दरभाउपत्र साथ अपलोड गर्नु पर्नेछ।

(ग) व्यक्ति वा फर्मको आयकर र मूल्य अभिवृद्धिकरको प्रमाणपत्रको स्वप्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ। उपरोक्त पेस नभएका दरभाउपत्र माथि कारबाही हुने छैन। व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न हुनुपर्नेछ ।

(घ) दरभाउपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र ठेक्का सम्झौता गरिसक्नु पर्नेछ । म्याद भित्र सम्झौता गर्न नआएमा राखेको धरौटी जफत गरि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कारबाहीका लागि सिफारिस गरिनेछ । ठेक्का सम्झौता गर्दा कबोल अङ्कको कम्तिमा ५०% (पचास) प्रतिशत र मूल्य अभिवृद्धि कर तथा अग्रिम आयकरको रकम नगद वा यस कार्यालयको खातामा दाखिला गरेको सक्कलै भौचर बुझाउनु पर्नेछ। बाँकी रकमको हकमा दोस्रो किस्ताको बाँकी रकम २०८४ वैशाख मसान्त भित्र बुझाउनु पर्नेछ। साथै ठेक्का सम्झौता गर्दा बाँकी रहने ५० प्रतिशत बराबरको रकम नेपाल राष्ट्र बैङ्कबाट क' वर्गको मान्यता प्राप्त बैङ्कले यस कार्यालयको नाममा जारी गरेको ठेक्का अवधि भन्दा दुई महीना बढी परफरमेन्स वण्ड जमानत बापत राख्नु पर्नेछ।

(ङ) कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

(च) ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन। समयमा सम्झौता नगरी ठेक्का चलन पूर्जी नलिएको कारणबाट कुनै किसिमको छुट वा मिनाहा हुने छैन ।

(छ) कर, दस्तुर, शुल्क तोकिएको बमोजिम उठाउनु पर्नेछ ।

(ज) ठेक्काबाट उठाईने वस्तु तथा सेवाको कर शुल्क, दस्तुरका दररेटहरू नगर सभाबाट पारित भए बमोजिम रहनेछन्। सो दररेटमा सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकारको निर्णय तथा प्रचलित ऐन कानुनमा कुनै परिवर्तन भएमा सोही बमोजिम हुनेछ।

(झ) कर उठाउदा प्रयोग हुने रसिदहरू ठेकेदारले आफ्नो तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाउन पाईने छैन। त्यस्तो रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारबाही गरिनेछ ।

(ञ) कर उठाउने ठाउँमा दररेट स्पष्ट देखिने गरी सुचना पाटी बनाई अनिवार्य रुपले राख्नु पर्नेछ ।

(ट) एक स्थानीय तहमा कर दस्तुर बुझाई सकेको प्रमाण पेस गरेमा पुनः कर दस्तुर शुल्क लिन पाईने छैन।

(ठ) सम्झौतामा भएको दररेट भन्दा फरक पारी वा सम्झौतामा उल्लेख नभएका सामानमा/वस्तुमा कर लिन पाईने छैन।

(ड) यस कार्यालयमा तिर्नुपर्ने बाकी बक्यौता भएका व्यक्ति वा फर्मको दरभाउपत्र स्वीकृत गरिने छैन।

(ढ) ठेक्का सम्झौता गरी सञ्चालन गरेपछि कुनै पनि सर्तमा कबोल रकम मिनाहा हुने छैन । सो सम्बन्धमा कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ।

(ण) ठेक्का सम्बन्धी अन्य कुराहरू प्रचलित ऐन नियम अनुसार हुनेछन्।

३. **दरभाउपत्र दाताको योग्यताः** यस सन्धिखर्क नगरपालिकाको आन्तरिक आय सङ्कलनको ठेक्का लिन चाहने दरभाउपत्र दाताको योग्यता निम्नानुसार हुनु पर्नेछ।

(क) दरभाउपत्र दाता प्रचलित कानुन बमोजिम योग्य भएको हुनुपर्नेछ ।

(ख) सन्धिखर्क न.पा.को रेकर्डमा नगदी, जिन्सी बुझाउन बाँकी हुनु हुदैन ।

(ग) दरभाउपत्र दाता दिवालिया भएको हुनु हुदैन।

(घ) दरभाउपत्र दाता कालोसुचिमा परेको हुनु हुदैन।

४. **दरभाउपत्र पेस गर्ने तरिकाः** सन्धिखर्क न.पा.को आन्तरीक आय सङ्कलनको ठेक्का लिन चाहने दरभाउपत्र दाताहरुको दरभाउपत्र पेस गर्दा निम्नानुसार हुनेछ।

(क) नगरपालिकाबाट तोकिए अनुसारको शुल्क तिरी दरभाउपत्र खरिद गर्ने र सो को सम्पूर्ण अध्ययन गरी लिन चाहेको ठेक्काको विषयमा स्थलगत रूपमा राम्ररी बुझ्ने कार्य दरभाउपत्रदाता स्वयंले गर्नु पर्नेछ ।

(ख) दरभाउपत्रको सूचनामा उल्लेख भए अनुसारको जमानत/धरौटीको सक्कल प्रति र आवश्यक कागजात प्रमाणहरूको प्रतिलिपि दरभाउपत्र साथ राखी दरभाउपत्र फाराम भरी अधिकार प्राप्त व्यक्तिबाट दस्तखत गराई मिति २०८३/५/३० गते दिनको १२:०० भित्र सिलबन्दी दरभाउपत्र दर्ता गराइ सक्नु पर्ने छ।

५. **दरभाउपत्र खोल्ने प्रक्रियाः** नियमानुसार रित पुर्वक प्राप्त दरभाउपत्र हरू निम्न प्रक्रिया पुगाई खोलिने छ ।

(क) दरभाउपत्र खोल्ने मिति, समय र स्थान दरभाउपत्र आह्वानको सूचनामा उल्लेख भए अनुसार नै खोलिनेछ।

(ख) दरभाउपत्र दाता र अन्य सरकारी कार्यालयको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. **दरभाउपत्रको मूल्याङ्कनः** दरभाउपत्र खोली सकेपछि रितपूर्वक प्राप्त मूल्याङ्कन निम्नानुसार हुनेछ ।

(क) रितपूर्वकको दरभाउपत्र प्राप्त भएको हुनु पर्नेछ ।

(ख) आधार अङ्क भन्दा बढी कबोल गर्ने दरभाउपत्र दाताको तुलनात्मक विवरण बनाई पेस भएका कागजात, प्रमाण, जमानत/धरौटी अध्ययन गरिनेछ ।

(ग) रित पुर्वक पेस भएका दरभाउपत्र मध्ये आधार अङ्क भन्दा बढी कबोल गर्ने मध्ये सबै भन्दा बढी अङ्क कबोल दरभाउपत्र दाताको ठेक्का स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाईनेछ ।

७. **दरभाउपत्रको स्वीकृति रितपुर्वक प्राप्त दरभाउपत्रहरू निम्नानुसार स्वीकृत गरीनेछ ।**

क) रित पुर्वक दरभाउपत्र प्राप्त भएपछि सबै भन्दा बढी कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरीनेछ ।

ख) ठेक्का स्वीकृत भएको आशयको ७ (दिने) सुचना कार्यालयको सुचना पाटी तथा नगरपालिकाको Website मा प्रकाशन गरिनेछ। यसरी सूचित गराउँदा दरभाउपत्र दाता स्वयम् सूचित भएको मानिनेछ ।

८. **जमानत/धरौटीः** यस कार्यालयबाट ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएपछि दरभाउपत्र दाताले दरभाउपत्र आह्वानको सूचनामा उल्लेख भए अनुसारको नियमानुसार आवश्यक पर्ने जमानत/धरौटी राखेको प्रमाण साथमा लिई तोकिएको म्याद भित्र सम्झौता गर्न कार्यालयमा उपस्थित हुनु पर्नेछ ।

९. **सम्झौता र कार्य आदेशः सम्झौता र कार्य आदेश निम्न अनुसार हुनेछ ।**

(क) दरभाउपत्र दाताले कार्यालयबाट दरभाउपत्र स्वीकृत भएको सुचना प्राप्त गरेपछि ७ दिन भित्र जमानत/धरौटी राखेको प्रमाण साथ कार्यालयमा उपस्थित भई सम्झौता गर्न निवेदन दिनु पर्नेछ अन्यथा म्याद भित्र सम्झौता गर्न नआएमा त्यस पछिको दरभाउपत्र दाताको ठेक्का स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाईने छ ।

(ख) दरभाउपत्र दाताले स्वीकृत ठेक्का अङ्कको कूल रकमको नेपाल राष्ट्र बैङ्क बाट मान्यता प्राप्त वाणिज्य बैङ्कले जारी गरेको सि.नं २ सर्तमहल को (घ) मा उल्लिखित व्यवस्था बमोजिम परफरमेन्स बन्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै सर्त खुलाई सम्बन्धित ठेकेदारसँग कबुलियत गराई नियमानुसार सम्झौता गरिनेछ ।

(ग) दरभाउपत्र दाता र कार्यालय बिच सम्झौता भएपछि ठेक्का चलन गर्न पाउने दर रेटको विवरण उल्लेख साथ ठेक्का चलनको लागि ठेकेदारलाई कार्य आदेश प्रदान गरिनेछ ।

(घ) ठेकेदारले सम्झौतामा उल्लेखित सर्त बन्देजको पूर्ण पालना गरी गराई ठेक्का चलन गर्नु गराउनु पर्नेछ ।

(ङ) ठेकेदार र कार्यालय बिच भएको सम्झौता अनुसार ठेक्का चलन नगरेमा सम्झौतामा उल्लेख भए अनुसार कार्यालयले ठेक्का तोड्न सक्नेछ ।

(च) यस दरभाउपत्रमा उल्लेख भएका सर्तहरू बाहेक अन्य आवश्यक सर्तहरू सम्झौता गर्दा सम्झौता पत्रमा उल्लेख गरिनेछ ।

**१०. ठेकेदारले पालना गर्नुपर्ने आचरण**

(क) ठेक्का पाउने ठेकेदारले कार्यालय र व्यवसायसँग सम्बन्धित व्यवसायीहरूसँग सभ्य, शिष्ट र सम्मानीत व्यवहार गर्नु पर्नेछ ।

(ख) ठेक्कासँग सम्बन्धित पत्राचार शिष्ट र मर्यादित भाषामा हुनु पर्नेछ ।

(ग) कार्यालयमा तालबन्दी, कार्यालयका पदाधिकारी कर्मचारीलाई घेराउ गर्ने जस्ता आचरण गर्न पाईने छैन ।

**११. आकास्मिक अवरोध व्यवस्थापनः** ठेकेदारको काबु बाहिरको परीस्थितीले आकस्मिक रुपमा कामको अवरोध आएमा ठेकेदारले त्यसको सुचना तुरुन्त कार्यालयमा दिनु पर्नेछ । कार्यालय र ठेकेदार दुबैलाई मर्का नपर्ने गरी दुबै पक्षले आपसी सहमतिमा त्यस्तो अवरोधको व्यवस्थापन गर्ने छन् ।

**१२. विवाद समाधानः** कार्यालय र ठेकेदार बिच विवाद उत्पन्न भएमा यस नगरपालिकाको कार्यपालिका बैठकको निर्णयबाट विवाद समाधान गरिनेछ । यस सम्बन्धमा नगरपालिकाको कार्यपालिका बैठकको निर्णय नै अन्तिम र मान्य हुनेछ यस उपर कुनै उजुरी लाग्ने छैन ।

**१३. कार्य सम्पन्नः** जुन आर्थिक वर्षको लगि ठेक्का प्राप्त भएको हो सो आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र कार्यालयले ठेकेदारलाई कार्य सन्तुष्टिको प्रमाण पत्र जारी गर्नेछ। कार्य सन्तुष्टि नभएको अवस्थामा असन्तुष्टिका बुदा खोली कार्यानुभवको प्रमाण पत्र मात्र कार्यालयले प्रदान सक्नेछ ।

१४. कबाडी तथा जिवजन्तु कर का दरहरू

अनुसूची-८

(ऐनको दफा ६ सँग सम्बन्धित)

जडिबुटी, कबाडी र जीवजन्तु करको दर (रू.)

| क्रम संख्या | वस्तुहरूको विवरण | इकाई | करको दर (रू.) (आ.व. २०८३/८४) |
|---|---|---|---|
| क. | | | |
| १. | उन (प्राकृतिक, कृत्रिम, जगर) | प्रति के.जी | ०।१० |
| २. | खोटो | प्रति के.जी | ०।५० |
| ३. | सुर्तीको बण्डल | प्रति क्यूफिट | १।०० |
| ४. | सालको बियाँ | प्रति के.जी | १।०० |
| ५. | सल्लाको सिम्ठाँ | प्रति के.जी | १।०० |
| ६. | सल्लाको काठ | प्रति क्यूफिट | ३।०० |
| ७. | खयर | प्रति क्यूफिट | १०।०० |
| ८. | अन्य कु काठ | प्रति क्यूफिट | १।०० |
| ९. | काँचो छाला ठुलो | प्रतिगोटा | २५।०० |
| १०. | काँचो छाला सानो | प्रतिगोटा | १०।०० |
| ११. | हाड | प्रति के.जी | १।०० |
| १२. | सिङ | | १।०० |
| १३. | खुर | प्रति के.जी | १।०० |

| क्रम संख्या | वस्तुहरूको विवरण | इकाई | करको दर (रू.) (आ.व. २०८३/८४) |
|---|---|---|---|
| **ख.** | | | |
| १. | बियर बोत्तल | प्रतिगोटा | १।०० |
| २. | खाली शिशि (मदिरा र अन्य) ५०० एम एल भन्दा माथि | प्रतिगोटा | ०।५० |
| ३. | खाली शिशि (मदिरा र अन्य) ५०० एम एल भन्दा तल | प्रतिगोटा | ०।२५ |
| ४. | प्लाष्टिक बोतल (पुराना जुता चप्पल ग्लालेन जर्किन) आदि | प्रति के.जी | १।०० |
| ५. | खाली बोरा ५० के.जी खाद्यान्न अट्ने पलाष्टिक का बोरा | प्रतिगोटा | ०।२५ |
| ६. | खाली बोरा ५० के.जी खाद्यन्न अट्ने जुटका बोरा | प्रतिगोटा | ०।२५ |
| ७. | खाली बोरा १०० के.जी खाद्यन्न अट्ने जुटका बोरा | प्रतिगोटा | ०।५० |
| ८. | तेलको टिन १० लि. भन्दा बढी अट्ने | प्रतिगोटा | २।०० |
| ९. | तेलको टिन १० लि. भन्दा घटी अट्ने | प्रतिगोटा | १।०० |
| १०. | उन, गार्मेन्टको टुक्रा | प्रति के.जी | २।०० |
| ११. | जलेको मोबिल | प्रति ली | १।०० |
| १२. | टायर ट्यूब | प्रति के.जी | २।०० |
| १३. | थोत्रो टिन | प्रति के.जी | ०।५० |
| १४. | पुरानो ड्रम | प्रति के.जी | ०।५० |
| १५. | पुरानो कागज, पत्रिका, कार्टुन तथा अन्य | प्रति के.जी | १।०० |
| १६. | फलामको टुक्रा | प्रति के.जी | २।०० |
| १७. | अन्य धातु (पित्तल, तामा) आदि | प्रति के.जी | ४।०० |
| १८. | थोत्रिएका काम नलाग्ने मेसिन औजार | प्रति के.जी | २।०० |
| १९. | ब्याट्री | प्रति के.जी | २।०० |
| २०. | प्रचलित कानुनले निषेध नगरेका यस्तै प्रकृतिका अन्य वस्तु | प्रति के.जी | १।०० |

स्पष्टीकरण:

- काठको हकमा डिभिजन वन कार्यालयबाट प्राप्त छुट पूर्जीलाई आधार मानी सोही बमोजिम कर सङ्कलन तथा निकासी गर्ने गरी र नगरक्षेत्र भित्र सङ्कलन हुने अन्य वस्तुहरूको नगर कार्यपालिकाको निर्णय बमोजिम नगर निकासी कर समेत समावेश गरी एकमुष्ट न्यूनतम अङ्क कायम गरी ठेक्का व्यवस्थापन गरिनेछ ।

# दरभाउपत्र फाराम

**आर्थिक वर्ष २०८३/८४ ठक्का नं. राजश्व १/२०८३/८४**

| क्र.सं. | ठेक्काको नाम | कबोल ठेक अङ्क (मु.अ.कर बाहेक) | | धरौटी रकम |
|---|---|---|---|---|
| | | अङ्कमा | अक्षरमा | |
| ०१/ २०८३/८४ राजस्व | नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जिको आधारमा निकासी हुने (सल्ला, खयर र अन्य कु काठ) समेत । | | | |

ठेक्काका सर्तहरू अध्ययन गरी सर्त पालना गर्ने मन्जुरीका साथ माथि उल्लेखित बेहोरा बमोजिम रकम उल्लेख गरी दरभाउपत्र पेस गरेको छु ।

दरभाउपत्र दाताको विवरण

व्यक्तिको नाम :

स्थायी ठेगाना :

सम्पर्क ठेगाना :

नागरिकता नम्बर मिति र जिल्लाः

फर्मको नाम :

जिल्ला र दर्ता न.

फोन/फ्याक्स न.

दस्तखत :

मितिः`